## गुराँस राजपत्र

## गुराँस गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १० | संख्याः ४३ | मितिः २०८३/०६/०२

भागः २


गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# सामुदायिक विद्युतीकरण सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले सामुदायिक विद्युतीकरण सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ जारी गरेको छ।

**गुराँस गाउँपालिका**

**सामुदायिक विद्युतीकरण सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/२४

प्रमाणीकरण मितिः२०८३/०६/०२

**प्रस्तावना**

गुराँस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरूमा सुरक्षित, भरपर्दो, सर्वसुलभ तथा गुणस्तरीय विद्युतीय सेवा पहुँच पुर्‍याउन, गाउँपालिका सामुदायिक विद्युतीकरण शाखा तथा स्थानीय विद्युत उपभोक्ताबीच सहकार्य अभिवृद्धि गर्न, पूर्वाधार निर्माण, मर्मत-सम्भार, महसुल असुली तथा समग्र विद्युतीकरण प्रणालीलाई पारदर्शी, जवाफदेही र व्यवस्थित बनाउन गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ।

**परिच्छेद १: प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम **"गुराँस गाउँपालिका सामुदायिक विद्युतीकरण सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३"** रहेको छ।

(ख) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

(ग) यो कार्यविधि गुराँस गाउँपालिकाको सम्पूर्ण भौगोलिक क्षेत्रभित्र लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"गाउँपालिका"** भन्नाले गुराँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ख) **"अध्यक्ष"** भन्नाले गुराँस गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ग) **"शाखा"** भन्नाले गाउँपालिका भित्र रहेको सामुदायिक विद्युतीकरण शाखा सम्झनुपर्छ।

(घ) **"नेविप्रा"** भन्नाले नेपाल विद्युत प्राधिकरण सम्झनुपर्छ।

(ङ) **"विद्युतीय पूर्वाधार"** भन्नाले हाइटेन्सन (HT) तथा लो-टेन्सन (LT) लाइन, पोल, ट्रान्सफर्मर, सब-स्टेसन, वितरण बक्स, मिटर तथा सोसँग सम्बन्धित अन्य उपकरणहरू सम्झनुपर्छ।

(च) **"ग्राहक/उपभोक्ता"** भन्नाले गाउँपालिकाभित्र नियमानुसार विद्युत मिटर लिई विद्युत उपभोग गर्ने व्यक्ति, संस्था वा उद्योग सम्झनुपर्छ।

## परिच्छेद - २: आयोजना छनोट तथा प्राथमिकीकरण एवं उपभोक्ता समितिको गठन

**३. आयोजना छनोटका आधारहरू:**

(क) विद्युत् सेवाबाट पूर्ण रूपमा वञ्चित रहेका बस्ती तथा टोलहरू।

(ख) सीमान्कृत, दलित तथा आर्थिक रूपमा विपन्न समुदायको बहुल्यता रहेको क्षेत्र।

(ग) राष्ट्रिय प्रसारण लाइनको पहुँच नजिक रहेको वा वैकल्पिक ऊर्जाको सम्भाव्यता भएको स्थान।

(घ) उपभोक्ताको स्थानीय लागत सहभागिता वा श्रमदान गर्न इच्छुकता।

**४. निवेदन तथा सिफारिस:** विद्युतीकरण गर्न इच्छुक बस्ती/टोलका बासिन्दाले सम्बन्धित वडा कार्यालयको सिफारिससहित कम्तीमा २० घरधुरीको हस्ताक्षर संकलन गरी गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ।

**५. सामुदायिक विद्युतीकरण उपभोक्ता समितिको गठन:** आयोजना कार्यान्वयन गर्न सम्बन्धित बस्तीका लाभग्राहीहरूको भेलाबाट कम्तीमा ३३% महिला सहभागिता रहने गरी ७ देखि ९ सदस्यीय उपभोक्ता समिति गठन गरिनेछ:

(१) अध्यक्ष - १ जना

(२) उपाध्यक्ष - १ जना

(३) सचिव - १ जना

(४) कोषाध्यक्ष - १ जना

(५) सदस्यहरू - ३ देखि ५ जना

**६. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार:**

(क) आयोजना निर्माण तथा तार/पोल विस्तार कार्यमा स्थानीय सहजीकरण गर्ने।

(ख) गाउँपालिकासँग सम्झौता गरी तोकिएको समयभित्र काम सम्पन्न गर्ने।

(ग) पोल गाड्ने, राइट अफ वे (Right of Way) सफा गर्ने र रूख कटानमा स्थानीय विवाद समाधान गर्ने।

(घ) निर्माण पश्चात् प्रणालीको रेखदेख र मर्मत सम्भारको व्यवस्था मिलाउने।

## परिच्छेद ३: नयाँ लाइन विस्तार तथा मर्मत सम्भार

**७. नयाँ लाइन विस्तारको प्रक्रिया:** (क) गाउँपालिकाभित्र विद्युत नपुगेका बस्तीहरूमा नयाँ विद्युत लाइन विस्तार गर्दा गाउँपालिकाको वार्षिक बजेट, नेपाल विद्युत प्राधिकरणको योजना वा प्रदेश/सङ्घीय सरकारको साझेदार कार्यक्रम मार्फत सम्पन्न गर्नेछ। टोल/वडास्तरमा विद्युत सेवा नपुगेका बस्तीका बासिन्दा वा विद्युतीकरण उपभोक्ताले सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको सामुदायिक विद्युतीकरण शाखामा अनुसूची १ बमोजिमको निवेदन पेश गर्नु पर्नेछ।

(ख) गाउँपालिकाका प्राविधिकको प्राविधिक टोलीले उक्त क्षेत्रको भौगोलिक स्थिति, पोल तथा तारको आवश्यकता सम्बन्धी स्थलगत निरीक्षण गरी लगत तयार गर्न पर्नेछ।

(ग) प्राविधिक अध्ययन (Technical Survey) पश्चात् राष्ट्रिय विद्युतीय मापदण्ड अनुसार स्वीकृत डिजाइनका आधारमा मात्र लाइन विस्तार गरिनेछ।

(घ) विद्युत पोलहरू गाउँपालिकाको स्वीकृत सडक मापदण्ड, सार्वजनिक जग्गा वा विवादरहित क्षेत्रमा मात्र गाड्नुपर्नेछ। निजी जग्गामा पोल गाड्नु परेमा सम्बन्धित जग्गाधनीको लिखित सहमति (Right of Consent) अनिवार्य हुनुपर्नेछ।

**८. विद्युतीय लाइनको मर्मत सम्भार:** (क) विद्युतीय प्रणालीलाई निरन्तर रूपमा सञ्चालनमा राख्न वडा र गाउँपालिकाले नियमित र आपत्कालीन मर्मत सम्भारको व्यवस्था मिलाउनेछन्।

(ख) पोल ढलेको, तार च्यातिएको, वा ट्रान्सफर्मर बिग्रिएको अवस्थामा तत्काल वडा कार्यालय, गाउँपालिकामा जानकारी गराउनुपर्छ।

(ग) खुकुलो भएका तारहरू तन्काउने, पुराना वा कुहिएका काठका पोलहरू हटाई स्टिल वा कङ्क्रिट पोल व्यवस्थापन गर्ने, र इन्सुलेटर/पिन परिवर्तन गर्ने कार्य मासिक रूपमा सञ्चालन गरिनेछ।

(घ) पहिरो, आँधीहुरी, चट्याङ वा अन्य प्राकृतिक विपत्तिका कारण लाइन अवरुद्ध भएमा प्राविधिक टोलीले २४ घण्टाभित्र मर्मत सुरु गरी यथाशीघ्र विद्युत सुचारु गर्नुपर्नेछ।

(ङ) मर्मत सम्भार गर्दा अनिवार्य रूपमा सुरक्षा उपकरण (Safety Helmet, Gloves, Harness, Safety Belt) को प्रयोग गर्नुपर्नेछ।

(च) विद्युत लाइनमा खराबी आएमा सम्बन्धित वडा अध्यक्ष वा वडामा खटिएको लाइनम्यानलाई खबर गर्नु नागरिकको कर्तव्य हुनेछ ।

(छ) विद्युत लाइनमा समस्या आएको थाह पाउनासाथ फिल्डमा खटिइ मर्मत सम्भार गर्ने र आफ्नो तहबाट हुन नसकेमा गाउँपालिका सामुदायिक विद्युत शाखामा खबर गर्ने दायित्व लाइनम्यानको हुनेछ ।

(ज) लाइनम्यानले गरेको खबर तथा नागरिकबाट आएको निवेदन उपर तुरुन्त समन्वय गरी कार्य प्रक्रिया अगाडि बढाउने दायित्व शाखा प्रमुखको हुनेछ।

(झ) यस कार्यमा अन्तरशाखा समन्वय वा नेपाल विद्युत प्राधिकरणसंग समन्वय गर्नु परेमा प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराई अनुमति लिनु पर्नेछ।

(ञ) सानातिना समस्या (तार मिलाउने, रूखका शाखाहरू काट्ने) प्राविधिकहरूले नियमित रूपमा गर्नु पर्नेछ।

(ट) ट्रान्सफर्मर वा मुख्य पोलमा ठूलो क्षति भएमा गाउँपालिका वा अन्य साझेदार संस्थाको सहयोगमा बजेट/साधन-स्रोत प्रयोग गरी मर्मत वा सट्टा (Replacement) गरिनेछ।

## परिच्छेद ३: ट्रान्सफर्मर जडान, सुरक्षा र मर्मत

**९. ट्रान्सफर्मर क्षमता निर्धारण र जडान:** (क) सम्बन्धित बस्तीको सम्भावित विद्युत खपत (Load Requirement) को अध्ययन गरी उपयुक्त क्षमता (१५, २५, ५०, १००, २०० केभीए आदि) को ट्रान्सफर्मर छनोट गरिनेछ।

(ख) ट्रान्सफर्मर जडान गर्दा जमीनबाट तोकिएको प्राविधिक उचाइमा डबल पोल स्ट्रक्चर (H-Pole Structure) बनाएर डम्पिङ, अर्थिङ र ओभरहेड प्रोटेक्सन सहित जडान गर्नुपर्नेछ।

(ग) प्रत्येक ट्रान्सफर्मरमा छुट्टै ड्रप-आउट (DO) फ्युज, लाइटनिङ एरेस्टर (Lightning Arrester) र उपयुक्त क्षमताको MCCB/ACB वितरण बक्स अनिवार्य रूपमा जडान गर्नुपर्नेछ।

**१०. अर्थिङ तथा ट्रान्सफर्मर मर्मत सम्भार:** (क) चट्याङ र ओभर भोल्टेजबाट बचाउन ट्रान्सफर्मरको न्यूट्रल अर्थिङ र बडी अर्थिङ (न्यूट्रल र एरेस्टरका लागि छुट्टाछुट्टै) अनिवार्य गरिनेछ। अर्थिङ रेजिस्टेन्स ५ ओहमभन्दा कम हुनुपर्नेछ।

(ख) ट्रान्सफर्मरमा तेलको मात्रा (Oil Level) र गुणस्तर नियमित रूपमा परीक्षण गरिनेछ। तेल घटेमा वा बिग्रिएमा तत्काल टप-अप वा फिल्टर/परिवर्तन गरिनेछ।

(ग) ट्रान्सफर्मर ओभरलोड भई जलेमा वा प्राविधिक खराबी आएमा शाखाले आफै वा नेविप्रासँग समन्वय गरी कम्तीमा ७२ घण्टाभित्र वैकल्पिक व्यवस्था वा मर्मत सम्भार गर्नुपर्नेछ।

## परिच्छेद ४: विद्युत मिटर वितरण र जडान

**११. मिटर प्राप्ति तथा जडान प्रक्रियाको चरणबद्ध रूपरेखाः**

[निवदेन पेश] ➔ [कागजात तथा वडा सिफारिस] ➔ [प्राविधिक स्थलगत जाँच] ➔ [धरौटी/शुल्क भुक्तानी] ➔ [मिटर निकासा तथा जडान]

**चरण १: आवेदन तथा कागजात पेश गर्ने**

क) मिटर लिन चाहने व्यक्ति वा संस्थाले अनुसूची २ बमोजिमको **नयाँ मिटर जडान निवेदन ढाँचा** भरी वडा कार्यालय मार्फत शाखामा पेश गर्नुपर्नेछ।

ख) **संलग्न गर्नुपर्ने कागजातहरू:**

१) निवेदकको नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि।

२) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

३) जग्गाधनी प्रमाणपुर्जा (पुर्जा) को प्रतिलिपि वा घर/बसोबास प्रमाणित पत्र।

४) घर भाडामा वा बहालमा भए घरधनीको लिखित सहमति पत्र।

५) राहदानी (Passport) साइजको फोटो २ प्रति।

६) फर्म, उद्योग वा व्यावसायिक संस्थाको हकमा दर्ता प्रमाणपत्र तथा प्यान (PAN) को प्रतिलिपि।

७) गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने कर तिरेको रसिद ।

**चरण २: प्राविधिक स्थलगत अध्ययन तथा सर्भे**

क) निवेदन दर्ता भएको **३ देखि ५ कार्यदिनभित्र** प्राविधिक वा लाइनम्यानले स्थलगत निरीक्षण गरी प्राविधिक सम्भाव्यता अध्ययन गर्नेछ।

ख) **प्राविधिकले जाँच गर्ने मुख्य विषयहरू:**

१) मुख्य लाइन वा नजिकैको विद्युत पोलबाट घरसम्मको दुरी (अधिकतम ३५ देखि ४० मिटरसम्मको दुरीलाई प्राथमिकता)।

२) सम्बद्ध ट्रान्सफर्मरको क्षमता र हालको लोड स्थिति।

३) घरको आन्तरिक वाइरिङ (Wiring) र मुख्य सामाग्रीहरूको गुणस्तर।

४) अनिवार्य सुरक्षात्मक अर्थिङ (Earthing) प्रणाली तयार भए/नभएको।

**चरण ३: शुल्क तथा धरौटी भुक्तानी**

क) प्राविधिक प्रतिवेदन स्वीकृत भएपछि निवेदकले तोकिएको शुल्क बुझाउनुपर्नेछ:

१) **मिटर धरौटी (Security Deposit):** नियम अनुसार कायम गरिएको फिर्ता हुने धरौटी रकम।

२) **मिटर/सामाग्री शुल्क:** सिंगल फेज वा थ्री-फेज मिटर र बक्सको तोकिएको मूल्य।

३) **जडान/सेवा शुल्क:** प्राविधिक तथा जडान खर्च।

**चरण ४: मिटर निकासा, जडान तथा सिल (Sealing)**

क) शुल्क भुक्तानीपछि शाखाबाट नयाँ मिटर निकासा गरी प्राविधिक टोलीले घरमा पुगी मिटर जडान गर्नेछ।

ख) मिटर जडान गर्दा आधिकारिक **मिटर सिल (Meter Seal)** लगाई ग्राहक, प्राविधिक र शाखाको रोहबरमा मुचुल्का/अभिलेख तयार गरिनेछ।

**१२. मिटर जडानसम्बन्धी प्राविधिक मापदण्ड**

| प्राविधिक पक्ष | तोकिएको मापदण्ड तथा सर्तहरू |
|---|---|
| जडान स्थान | घर वा भवनको बाहिरी भागमा, सजिलै देखिने, वर्षा र घामबाट सुरक्षित तथा मिटर रिडरले सजिलै रिडिङ्ग गर्न सक्ने उचाइमा (जमीनबाट ५ देखि ८ फिट)। |
| सर्भिस केबल | मिटरभन्दा अगाडिको सर्भिस वायर (Service Wire) मा कुनै पनि प्रकारको जोर्नी (Joint) राख्न पाइने छैन। केबल कभर तथा इन्सुलेटेड हुनुपर्नेछ। |
| सर्भिस केबल | मिटरभन्दा अगाडिको सर्भिस वायर (Service Wire) मा कुनै पनि प्रकारको जोर्नी (Joint) राख्न पाइने छैन। केबल कभर तथा इन्सुलेटेड हुनुपर्नेछ। |
| सुरक्षा उपकरण | मिटरको आउटगोइङ (Outgoing) मा उपयुक्त क्षमताको MCB (Miniature Circuit Breaker) जडान गर्न अनिवार्य छ। |

**१३. विशेष वर्गका लागि प्राथमिकता तथा सुविधा**

क) **अति विपन्न तथा सीमान्तकृत वर्ग:** वडा कार्यालयको सिफारिसमा अति विपन्न, दलित तथा सीमान्तकृत परिवारका लागि नियमानुसार मिटर धरौटी वा जडान शुल्कमा गाउँपालिकाले विशेष छुट वा अनुदानको व्यवस्था गर्न सक्नेछ।

ख) **सार्वजनिक तथा सामुदायिक सेवा:** कृषि, सामुदायिक विद्यालय, स्वास्थ्य चौकी, खानेपानी आयोजना तथा वडा/टोल विकास भवनका लागि प्राथमिकताका साथ तत्काल मिटर जडान गरिनेछ।

**१४. निषेधित कार्य तथा दण्ड-सजाय**

क) मिटरमा लगाइएको सिल (Seal) तोड्ने, फुटाउने वा छेडछाड गर्ने कार्य पूर्ण रूपमा निषेध गरिएको छ।

ख) मिटर बाइपास गरी वा मिटरभन्दा अगाडिको केबलबाट सुइरो/अंकुश (Hooking) लगाएर विद्युत चोरी गरेको पाइएमा:

१) विद्युत लाइन तत्काल विच्छेद गरिनेछ।

२)  तोकिएको जरिवाना, पछिल्लो १ वर्षसम्मको अनुमानित खपत महसुल र क्षतिपूर्ति असुल गरिनेछ।

३)  कानुन बमोजिम विद्युत चोरी नियन्त्रण ऐन अन्तर्गत कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

## परिच्छेद ५: मिटर रिडिङ, बिलिङ्ग, महसुल असुली र बक्यौता व्यवस्थापन

**१५. मिटर रिडिङ्गसम्बन्धी व्यवस्था**: (क) प्रत्येक महिनाको तोकिएको निश्चित अवधि (जस्तै: प्रत्येक महिनाको १५ गतेदेखि २२ गतेसम्म) मा ग्राहकको घर/स्थानमै पुगेर मिटर रिडिङ्ग गरिनेछ।

(ख) रिडिङ्ग गर्ने दिन सार्वजनिक बिदा परेमा सोको अघिल्लो वा लगत्तै पछिल्लो कार्यदिनमा रिडिङ्ग गरिनेछ।

(ग) मिटर रिडरले मोवाइल एप्स, ह्यान्डहेल्ड बिलिङ्ग डिभाइस (POS Machine) वा डिजिटल प्रविधिको प्रयोग गरी प्रत्यक्ष रूपमा मिटरको फोटो खिचेर वा अंक प्रविष्ट गरी रिडिङ्ग गर्नेछन्।

(घ) रिडिङ्ग गर्दा मिटरको सिअल (Seal), बाहिरी भाग (Casing) वा सर्भिस वायरमा कुनै छेडछाड वा क्षति भए/नभएको अनिवार्य जाँच गरिनेछ।

(ङ) ग्राहकको घर बन्द भई वा अन्य कुनै कारणले लगातार २ महिनासम्म मिटर रिडिङ्ग हुन नसकेमा अघिल्लो ३ महिनाको औसत खपत (Average Consumption) का आधारमा अनुमानित (Estimated) बिलिङ्ग गरिनेछ।

(च) तेस्रो महिनामा अनिवार्य रूपमा स्थलगत पहुँच पुर्‍याई वास्तविक रिडिङ्ग गरी हिसाब मिलान (Adjustment) गरिनेछ।

**१६. बिलिङ्ग प्रक्रिया तथा बिलमा खुल्नुपर्ने विवरण**: (क) मिटर रिडिङ्ग भएकै समयमा उपभोक्तालाई हातहातै वा दर्ता भएको मोबाइल नम्बरमा SMS/डिजिटल माध्यमबाट बिल पठाइनेछ।

(ख) विद्युत महसुल बिलमा तपसिलका विवरणहरू अनिवार्य खुल्नुपर्नेछ:

१)  ग्राहकको नाम, ग्राहक नं. (Customer ID), मिटर नम्बर र स्वीकृत लोड (Ampere/kW)

२)  वर्तमान रिडिङ्ग मिति र अंक तथा अघिल्लो रिडिङ्ग मिति र अंक

३)  खुद खपत युनिट (Current Month Units)

४)  लागू भएको महसुल दर (Tariff Rate) अनुसारको रकम

५)  अघिल्लो महिनाको बाँकी बक्यौता रकम वा बढी बुझाएको रकम (यदि भएमा)

६)  छुट (Rebate) पाउने अन्तिम मिति र जरिवाना (Penalty) लाग्ने मितिहरू

७)  भुक्तानी गर्नुपर्ने कुल जम्मा रकम (Total Payable Amount)

**१७. महसुल भुक्तानी, छुट तथा थप दस्तुर (पेनाल्टी) मापदण्ड**

| अवधि / समयसीमा | महसुल भुक्तानी सर्त तथा छुट/जरिवाना |
|---|---|
| रिडिङ्ग भएको १ देखि ७ दिनभित्र | कुल तोकिएको महसुल रकममा २% देखि ५% सम्म छुट (Rebate) प्रदान गरिनेछ। |
| ८ देखि १५ दिनभित्र | बिना कुनै छुट वा जरिवाना खुद महसुल रकम (Net Amount) बुझाउन सकिनेछ। |
| १६ देखि ३० दिनभित्र | खुद महसुल रकममा ५% थप दस्तुर (Penalty) लाग्नेछ। |
| ३१ देखि ४५ दिनभित्र | खुद महसुल रकममा १०% थप दस्तुर लाग्नेछ। |
| ४६ देखि ६० दिनभित्र | खुद महसुल रकममा २५% थप दस्तुर लाग्नेछ। |
| ६० दिन नाघेमा (६१ औँ दिनदेखि) | पूर्व सूचना दिई वा नदिई विद्युत लाइन विच्छेद (Disconnection) गरिनेछ। |

**१८. अनलाइन तथा बैंकिङ भुक्तानी**: (क) उपभोक्ताहरूलाई नगद भुक्तानीका अतिरिक्त डिजिटल वालेट (eSewa, Khalti, IME Pay आदि), मोबाइल बैंकिङ वा गाउँपालिकाको बैंक खातामार्फत अनलाइन महसुल बुझाउने सुविधा प्रदान गरिनेछ।

(ख) अनलाइन भुक्तानी गर्दा प्राप्त हुने डिजिटल रसिदलाई आधिकारिक मान्यता दिइनेछ।

**१९. मिटर बिग्रिएमा (Meter Slow/Fast/Stop):** (क) मिटर बन्द भएको वा बिग्रिएको पाइएमा ग्राहकले तुरुन्त वडा कार्यालय वा शाखामा जानकारी गराउनुपर्नेछ।

(ख) बिग्रिएको अवधिभरको महसुल अघिल्लो वर्षको सोही महिनाको खपत वा अघिल्लो ३ महिनाको औसत खपतका आधारमा तय गरिनेछ।

(ग) शाखाले प्राविधिक जाँच गरी १५ दिनभित्र नयाँ मिटर जडान वा पुरानो मिटर मर्मत/क्यालिब्रेसन (Calibration) गरिदिनुपर्नेछ।

**२०. रिडिङ्ग सम्बन्धी विवाद:** (क) बिलमा कुनै त्रुटि वा असहमति भएमा ग्राहकले बिल प्राप्त भएको ७ दिनभित्र शाखामा निवेदन दिनु पर्नेछ ।

(ख) प्राविधिक टोलीले स्थलगत जाँच गरी त्रुटि देखिएमा अर्को महिनाको बिलमा हिसाब मिलान (Adjustment) गरिनेछ।

## परिच्छेद ६: एम सि पि (MCP / Maximum Demand / Capacity) वृद्धि प्रक्रिया

**२१. एम सि पि (MCP) वृद्धिको आवश्यकता र निवेदन:** घरेलु उपभोक्ताले साना उद्योग, व्यावसायिक फर्म, मिल, क्रसर वा थप विद्युतीय उपकरण सञ्चालन गर्न चाहेमा आफ्नो स्वीकृत एम सि पि (Maximum Circuit Protection/Capacitor/Load) भार वृद्धि गर्नुपर्नेछ।

**२२. भारवृद्धि (MCP Increase) को चरणबद्ध प्रक्रिया**

[निवेदन पेश] ➔ [प्राविधिक स्थलगत जाँच] ➔ [क्षमता/भार स्वीकृत] ➔ [शुल्क/धरौटी भुक्तानी] ➔ [उपकरण/MCB परिमार्जन]

**चरण १: निवेदन पेश गर्ने**

क) ग्राहकले अनुसूची ३ बमोजिमको **विद्युत भारवृद्धि निवेदन ढाँचा** भरी शाखामा पेश गर्नुपर्नेछ।

ख) निवेदनका साथ हालको महसुल भुक्तानी रसिद, नागरिकता/फर्म दर्ताको प्रतिलिपि र प्रयोग गरिने विद्युतीय उपकरणहरूको विवरण संलग्न हुनुपर्नेछ।

**चरण २: प्राविधिक स्थलगत अध्ययन तथा प्रतिवेदन**

क) निवेदन प्राप्त भएको **३ देखि ५ कार्यदिनभित्र** प्राविधिक टोलीले ग्राहकको घर/फर्मको स्थलगत निरीक्षण गर्नेछ।

ख) प्राविधिकले निम्न विषयहरूको जाँच गर्नेछ:

१) सम्बन्धित ट्रान्सफर्मरको कुल क्षमता र हालको लोड स्थिति।

२) मुख्य लाइनदेखि ग्राहकको घरसम्मको सर्भिस वायर (Service Wire) को क्षमता।

३) ग्राहकको आन्तरिक वाइरिङ, अर्थिङ (Earthing) र सुरक्षा उपकरणको अवस्था।

**चरण ३: स्वीकृति तथा शुल्क भुक्तानी**

क) प्राविधिक प्रतिवेदन अनुकूल भएमा शाखाले भारवृद्धिको स्वीकृति प्रदान गर्नेछ।

ख) स्वीकृत पश्चात् ग्राहकले निम्न अनुसारका शुल्कहरू बुझाउनुपर्नेछ:

१) अतिरिक्त धरौटी (Additional Security Deposit): नयाँ स्वीकृत भार अनुसार फरक पर्ने धरौटी रकम।

२) प्राविधिक तथा सेवा शुल्क: मिटर/एमसिबी (MCB/MCCB) परिवर्तन वा परीक्षण शुल्क।

**चरण ४: भौतिक परिमार्जन तथा जडान**

क) शुल्क भुक्तानीपछि प्राविधिक टोलीले तोकिएको क्षमता अनुसारको नयाँ MCB/MCCB/Molded Case Circuit Breaker वा मिटर जडान गरी सिल (Seal) गर्नेछ।

ख) सर्भिस वायर सानो भएमा ग्राहक स्वयम् वा शाखाको समन्वयमा उपयुक्त क्षमताको नयाँ केबल फेर्नुपर्नेछ।

**२३. प्राविधिक मापदण्ड तथा सुरक्षा शर्तहरू**

| **भारको वर्ग (Capacity Category)** | **उपयुक्त MCB / उपकरण** | **आवश्यक सर्भिस वायर (सल्लाह)** |
|---|---|---|
| ५ एम्पियरदेखि १५ एम्पियरसम्म | 16A Single Pole MCB | 4 $mm^2$ देखि 6 $mm^2$ Twin Core Cable |
| १५ एम्पियरदेखि ३० एम्पियरसम्म | 32A Single / Double Pole MCB | 10 $mm^2$ Twin Core Cable |
| ३० एम्पियरभन्दा माथि (Single Phase) | 40A / 63A MCB | 16 $mm^2$ Cable |
| थ्री-फेज (Three Phase) औद्योगिक | 3-Phase MCCB / CT Meter | 4-Core Armored Cable (25 $mm^2$+) |

क) **अर्थिङ (Earthing):** १५ एम्पियरभन्दा माथिको लोड वा व्यावसायिक/औद्योगिक ग्राहकका लागि छुट्टै बडी तथा न्यूट्रल अर्थिङ अनिवार्य हुनुपर्नेछ (Earth Resistance $< 5$ Ohm)।

ख) **पावर फ्याक्टर (Power Factor):** ३ Phase औद्योगिक ग्राहकहरूले पावर फ्याक्टर ०.९ भन्दा माथि कायम राख्न अनिवार्य रूपमा **क्यापेसिटर बैंक (Capacitor Bank)** जडान गर्नुपर्नेछ।

**२४. बिना स्वीकृति भारवृद्धि गरेमा हुने कारबाही:** (क) स्वीकृत एम सि पि (MCP) भन्दा बढी लोड/उपकरण शाखा वा गाउँपालिकाको पूर्व स्वीकृति बिना प्रयोग गरेको पाइएमा।

(ख) MCB/MCCB सिल तोडेर वा बाइपास गरेर क्षमता बढाएको पाइएमा:

१) **पहिलो पटक:** रु. २,००० देखि रु. ५,००० सम्म जरिवाना गरी स्वीकृत भार अनुसारको प्रक्रिया पूरा गर्न लगाइनेछ।

२) **दोस्रो पटक:** विद्युत लाइन तत्काल विच्छेद (Disconnection) गरी नियमानुसार थप कारबाही गरिनेछ।

## परिच्छेद ७: बुस कटिङ्ग (रूट क्लियरेन्स / रुख बुट्यान कटान)

**२५. नियमित बुस कटिङ्ग कार्य:** (क) विद्युतीय लाइन (HT/LT) मा रुखका शाखाहरू छुँदा हुने सर्ट-सर्किट, विद्युत चुहावट, लाइन ट्रिपिङ र सम्भावित दुर्घटना रोक्न नियमित रूपमा बुस कटिङ्ग (Right of Way Clearance) गरिनेछ। ख) प्रत्येक वर्ष वर्षायाम सुरु हुनुभन्दा अगाडि (जेठ/असार) र वर्षायाम सकिएपछि (असोज/कार्तिक) अनिवार्य रूपमा अभियानका रूपमा बुस कटिङ्ग सञ्चालन गरिनेछ।

**२६. बुस कटिङ्ग गर्दा अपनाउनुपर्ने सुरक्षा तथा प्रक्रिया:** (क) उच्च तथा मध्यम चापका लाइनको दायाँ-बायाँ तोकिएको दुरी (प्राविधिक मापदण्ड अनुसार) सम्मका रुखका हाँगाबिँगा तथा बुट्यानहरू काटिनेछ।

(ख) निजी जग्गामा रहेका रुखका हाँगा काट्नुपर्ने भएमा सम्बन्धित जग्गाधनीलाई पूर्व सूचना दिई सहयोग लिइनेछ।

(ग) बुस कटिङ्ग गर्दा अनिवार्य रूपमा सम्बन्धित फिडर वा ट्रान्सफर्मरको **सटडाउन (Shutdown)** लिई विद्युत प्रवाह पूर्ण रूपमा बन्द गरेर मात्र कार्य गर्नुपर्नेछ।

## परिच्छेद ५: जनशक्ति परिचालन तथा सुरक्षा मापदण्ड

**२७. जनशक्ति संरचना तथा पदपूर्ति**: सामुदायिक विद्युतीकरण प्रणालीलाई सुचारु, सुरक्षित र पारदर्शी रूपमा सञ्चालन गर्न शाखामा आवश्यकता अनुसार निम्न बमोजिमका जनशक्तिहरू परिचालन गरिनेछ:

क) **प्राविधिक प्रमुख (इन्जिनियर / सब-इन्जिनियर):** प्रणालीको डिजाइन, योजना, ट्रान्सफर्मर व्यवस्थापन र उच्च तथा मध्यम चापका लाइनहरूको निरीक्षण।

ख) **वरिष्ठ इलेक्ट्रिसियन / प्राविधिक:** नयाँ मिटर जडान, ट्रान्सफर्मर मर्मत, एम सि पि (MCP) वृद्धि तथा जटिल प्राविधिक समस्या समाधान।

ग) **लाइनम्यान (Field Lineman):** नियमित बुस कटिङ्ग, पोल तथा तारको मर्मत, सटडाउन व्यवस्थापन र आपत्कालीन मर्मत सम्भार।

घ) **मिटर रिडर तथा असुली कर्मचारी:** घर-दैलोमा पुगी मिटर रिडिङ्ग गर्ने, बिल वितरण गर्ने र महसुल संकलन गर्ने।

**२८. जनशक्ति परिचालन तथा कार्य विभाजन**: (क) प्राविधिक तथा लाइनम्यानहरूलाई २४ सै घण्टा सेवा उपलब्ध गराउन सक्ने गरी सिफ्ट/रोस्टर प्रणालीमा परिचालन गरिनेछ।

(ख) प्राकृतिक विपत्ति, चट्याङ, आँधीहुरी वा ट्रान्सफर्मर ट्रिप भई लाइन अवरुद्ध भएमा तुरुन्त खटिने गरी २ देखि ३ जना प्राविधिक सम्मिलित आपत्कालीन टोली (Quick Response Team - QRT) सधैँ तयारी अवस्थामा राखिनेछ।

(ग) कुनै पनि HT/LT लाइनमा काम गर्नुअघि सम्बन्धित प्राविधिक प्रमुख वा सब-स्टेसन/नेविप्राबाट लिखित वा डिजिटल रूपमा **"कामको अनुमति पत्र" (Permit to Work - PTW)** अनिवार्य लिनुपर्नेछ।

**२९. कार्यस्थल सुरक्षा मापदण्ड (Safety Protocols & Guidelines):** (क) लाइनम्यान तथा प्राविधिकहरूले कार्यस्थलमा खट्दा निम्न PPE **(Personal Protective Equipment - PPE)** उपकरणहरू अनिवार्य प्रयोग गर्नुपर्नेछ:

१) इन्सुलेटेड हेलमेट (Safety Helmet) – टाउकाको सुरक्षाका लागि।

२) इन्सुलेटेड पञ्जा (High Voltage Safety Gloves) – विद्युत प्रवाहबाट बच्न।

३) सेफ्टी बेल्ट तथा हार्नेस (Full Body Harness) – पोल वा अग्लो स्थानमा चढ्दा खस्नबाट बच्न।

४) इन्सुलेटेड गमबुट/जुत्ता (Safety Shoes) – भुइँबाट हुने अर्थिङ र शॉकबाट बच्न।

५) सुरक्षा चस्मा र दृश्यता ज्याकेट (Goggles & Reflective Jacket)।

(ख) सटडाउन (Shutdown) र अर्थिङ (Earthing) प्रक्रिया निम्नानुसार अपनाउनु पर्दछः

१) लाइनमा मर्मत वा बुस कटिङ्ग सुरु गर्नुअघि सम्बन्धित फिडर वा ट्रान्सफर्मरबाट विद्युत प्रवाह पूर्ण रूपमा बन्द गरिएको वा सटडाउन भएको सुनिश्चित गर्नुपर्नेछ।

२) तार वा उपकरण छुन्नु अघि भोल्टेज टेस्टर वा डिटेक्टर्मार्फत विद्युत प्रवाह भए/नभएको परीक्षण (No-Voltage Test) गर्नुपर्नेछ।

३) बाँकी रहेको स्थिर विद्युत (Residual Electricity) लाई हटाउन कार्यस्थलको दुवैतर्फ अर्थ रड (Earth Rod) अनिवार्य रूपमा जडान गर्नुपर्नेछ।

४) स्वीच बोर्ड वा DO फ्युज निकालिएको स्थानमा *"काम भइरहेको छ - लाइन अन नगर्नुहोस्"* लेखिएको चेतावनी बोर्ड झुन्ड्याउनुपर्नेछ।

५) पोलमा चढ्दा सेफ्टी बेल्ट, हेलमेट, इन्सुलेटेड पञ्जा, र गमबुट अनिवार्य रूपमा प्रयोग गर्नुपर्नेछ।

६) सुरक्षा उपकरण प्रयोग नगरी कार्य गर्दा दुर्घटना भएमा सम्बन्धित कर्मचारी वा प्राविधिक स्वयम् जिम्मेवार हुनेछ।

**३०. बीमा, सुरक्षा तथा दुर्घटना राहत व्यवस्थाः**

| **क्र.सं.** | **व्यवस्था** | **विवरण** |
|---|---|---|

| | | |
|---|---|---|
| १ | दुर्घटना बीमा (Accidental Insurance) | कार्यस्थलमा खटिने सम्पूर्ण प्राविधिक तथा लाइनम्यानहरूको कम्तीमा रु. ५ लाखदेखि १० लाखसम्मको दुर्घटना बीमा गाउँपालिकाले गरिदिनेछ। |
| २ | स्वास्थ्य उपचार व्यवस्था | कामको सिलसिलामा दुर्घटनामा परी घाइते भएमा सम्पूर्ण उपचार खर्च गाउँपालिकाले गरिदिएको बीमाबाट व्यहोर्नेछ। |
| ३ | क्षतिपूर्ति तथा राहत | असावधानी वा प्राविधिक दुर्घटना भई अङ्गभङ्ग वा मृत्यु भएमा नियमानुसारको क्षतिपूर्ति तथा परिवारलाई राहत कोषबाट सहयोग प्रदान गरिनेछ। |

## परिच्छेद ९: ग्राहक अभिलेख तथा तथ्याङ्क व्यवस्थापन

**३१. डिजिटल ग्राहक अभिलेख:** (क) शाखाले गुराँस गाउँपालिकाभित्रका सम्पूर्ण विद्युत ग्राहकहरूको अनुसूची ४ बमोजिमको विद्युतीय अभिलेख (Digital Database) तयार गरी सुरक्षित राख्नेछ।

(ख) अभिलेखमा ग्राहकको नाम, ठेगाना, नागरिकता नम्बर, तिनपुस्ते विवरण, सम्पर्क नम्बर, मिटर नम्बर, जडान मिति, स्वीकृत लोड (Ampere/kW), र उपभोग वर्ग (घरेलु, व्यावसायिक, औद्योगिक, कृषि आदि) स्पष्ट खुलाउनुपर्नेछ।

**३२. सूचनाको गोपनीयता र अध्यावधिक:** (क) ग्राहकको व्यक्तिगत विवरणको गोपनीयता कायम राखिनेछ।

(ख) नामसारी, ठाउँसारी, लोड वृद्धि वा लाइन काटिएको विवरण तत्काल सफ्टवेयर/अभिलेखमा अध्यावधिक (Update) गरिनेछ।

## परिच्छेद १०: साझेदारी, सहकार्य र स्रोत व्यवस्थापन

**३३. साझेदारी तथा सहकार्यका प्रमुख क्षेत्रहरू:** सामुदायिक विद्युतीकरण प्रणालीलाई दिगो, पहुँचयोग्य र प्रभावकारी बनाउन गाउँपालिका, नेपाल विद्युत प्राधिकरण, स्थानीय उपभोक्ता तथा अन्य साझेदार निकायहरूबीच निम्न क्षेत्रमा सहकार्य गरिनेछ:

क) **पूर्वाधार सुदृढीकरण:** काठका पोलहरूलाई पूर्ण रूपमा विस्थापित गरी स्टिल/कङ्क्रिट पोल जडान, ट्रान्सफर्मर थप/अपग्रेड र HT/LT लाइन विस्तार।

ख) **वित्तीय स्रोत व्यवस्थापन:** आयोजना निर्माण, मर्मत सम्भार र प्रविधिको प्रयोगका लागि बहुपक्षीय लगानी जुटाउने।

ग) **क्षमता विकास तथा जनशक्ति परिचालन:** स्थानीय प्राविधिकहरूलाई सञ्चालन, वित्तीय व्यवस्थापन र विद्युतीय सुरक्षासम्बन्धी तालिम।

घ) **चुहावट नियन्त्रण र सचेतना:** विद्युत चोरी नियन्त्रण, महसुल असुली र सुरक्षित विद्युत प्रयोगका लागि समुदायस्तरमा सचेतना अभियान।

## ३४. बहुपक्षीय निकायहरूको भूमिका र जिम्मेवारी (Roles & Responsibilities)

| क्र. सं. | निकाय | प्रमुख भूमिका र जिम्मेवारी |
|---|---|---|
| १ | गुराँस गाउँपालिका | (क) विद्युतीकरणका लागि वार्षिक बजेट तथा अनुदान विनियोजन गर्ने।<br>(ख) प्रदेश/सङ्घीय सरकार र नेपाल विद्युत प्राधिकरणसँग समन्वय एवं समपूरक अनुदान व्यवस्थापन गर्ने।<br>(ग) विद्युतीकरण सम्बन्धी नीति, कार्यविधि र अनुगमन संरचना तयार गर्ने। |
| २ | नेपाल विद्युत प्राधिकरण (NEA) | (क) मुख्य प्रसारण लाइन (HT/LT) र सब-स्टेसनबाट प्राविधिक सहयोग तथा विद्युत आपूर्ति सुनिश्चित गर्ने।<br>(ख) राष्ट्रिय विद्युतीय मापदण्ड अनुसार प्राविधिक स्वीकृति, सर्भे र गुणस्तर परीक्षण गर्ने।<br>(ग) प्राविधिक समस्या समाधानमा विशेषज्ञ सेवा प्रदान गर्ने। |
| ३ | सामुदायिक विद्युतीकरण शाखा | (क) स्थानीय स्तरमा मिटर रिडिङ्ग, बिलिङ, महसुल असुली र साना मर्मत सम्भार सञ्चालन गर्ने।<br>(ख) उपभोक्ता अभिलेख अध्यावधिक राख्ने र विद्युत चुहावट नियन्त्रणमा सहयोग गर्ने।<br>(ग) गाउँपालिका र नेविप्रासँग नियमित समन्वय तथा प्रगति प्रतिवेदन पेश गर्ने। |
| ४ | नेपाल विद्युत प्राधिकरण (NEA) | (क) मुख्य प्रसारण लाइन (HT/LT) र सब-स्टेसनबाट प्राविधिक सहयोग तथा विद्युत आपूर्ति सुनिश्चित गर्ने।<br>(ख) राष्ट्रिय विद्युतीय मापदण्ड अनुसार प्राविधिक स्वीकृति, सर्भे र गुणस्तर परीक्षण गर्ने।<br>(ग) प्राविधिक समस्या समाधानमा विशेषज्ञ सेवा प्रदान गर्ने। |

## ३५. स्रोत व्यवस्थापन तथा लगानीको ढाँचा (Financial & Resource Model)

क) पूँजीगत खर्च (Capital Expenditure - New Infrastructure) को लागत साझेदारी ढाँचा तपसिल अनुसार हुनेछ:

१) **गाउँपालिका / सङ्घीय / प्रदेश अनुदान:** ५०% देखि ७०% सम्म (ठूला पूर्वाधार तथा पोल/ट्रान्सफर्मर खरिदमा)।

२) **नेपाल विद्युत प्राधिकरण (NEA):** ३०% देखि ४०% सम्म (केबल, ट्रान्सफर्मर र प्राविधिक उपकरण सामग्री)।

३) **विद्युत उपभोक्ता श्रमदान:** १०% सम्म (स्थानीय पोल गाड्ने, बुस कटिङ्ग र यातायात व्यवस्थापन) ।

ख) सञ्चालन तथा मर्मत सम्भार कोष (O&M Fund) मा तपसिल अनुसार रकम जम्मा गरिनेछः

१) महसुल असुलीबाट प्राप्त हुने कुल रकमको निश्चित प्रतिशत (जस्तै: १०% देखि १५%) अनिवार्य रूपमा **"सामुदायिक विद्युतीकरण मर्मत तथा सुदृढीकरण कोष"** मा जम्मा गरिनेछ।

२) उक्त कोषको रकम ट्रान्सफर्मर तेल फेर्न, आकस्मिक दुर्घटना मर्मत, नयाँ केबल/MCB खरिद र सुरक्षा उपकरण व्यवस्थापनमा मात्र खर्च गर्न पाइनेछ।

**३६. स्रोत सङ्कलन र पारदर्शिता मापदण्ड**

क) **पारदर्शी वित्तीय प्रणाली:** शाखाले संकलन गरेको महसुल, धरौटी र गाउँ सभाबाट विनियोजन भएको रकम प्रचलित कानून अनुसार खाता सञ्चालन गरी वाणिज्य बैंकमार्फत मात्र कारोबार गर्नुपर्नेछ।

ख) **लेखापरीक्षण:** गाउँपालिकाको आन्तरिक लेखापरीक्षण (Internal Audit) शाखाले नियमित लेखापरीक्षण गर्नेछ र वार्षिक प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

ग) **अनलाइन भुक्तानी र सफ्टवेयर प्रणाली:** नगद कारोबारलाई निरुत्साहित गर्दै गाउँपालिकाको प्रणालीलाई डिजिटल बैंकिङ/सफ्टवेयरसँग आबद्ध गरिनेछ।

## परिच्छेद ११: समग्र विद्युतीकरण व्यवस्थापन र अनुगमन

**३७. अनुगमन तथा मूल्याङ्कन शाखा:** विद्युतीकरण कार्यको प्रभावकारी कार्यान्वयन, गुणस्तर नियन्त्रण र उपभोक्ताका गुनासा फछ्र्यौट गर्न गाउँपालिकामा एक अनुगमन शाखा रहनेछ:

क) गाउँपालिका उपाध्यक्ष – संयोजक

ख) सम्बन्धित वडाका अध्यक्षहरू – सदस्य

ग) नेपाल विद्युत प्राधिकरण (स्थानीय प्रमुख) – सदस्य

घ) गाउँपालिकाका विद्युत शाखा प्रमुख (प्राविधिक इन्जिनियर) – सदस्य-सचिव

**३८. चुहावट नियन्त्रण तथा कारबाही:** (क) प्राविधिक (Technical) तथा गैर-प्राविधिक (Non-technical / Theft) चुहावट नियन्त्रणका लागि आकस्मिक अनुगमन (Surprise Inspection) गरिनेछ।

(ख) मिटर बाइपास गरी, अंकुश (Hooking) लगाएर वा मिटरसँग छेडछाड गरी विद्युत चोरी गरेको पाइएमा विद्युत चोरी नियन्त्रण ऐन अनुसार कडा कारबाही र जरिवाना गरिनेछ।

**३९. प्राविधिक मापदण्ड र गुणस्तर:** विद्युतीकरणमा प्रयोग हुने पोल, तार, ट्रान्सफर्मर तथा अन्य सामग्रीहरू नेपाल विद्युत प्राधिकरण वा गुणस्तर तथा नापतौल विभागको तोकिएको मापदण्ड अनुसारको हुनुपर्नेछ।

## परिच्छेद १२: विविध

**४०. कार्यविधि संशोधन:** यस कार्यविधिमा कुनै संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाको बहुमत निर्णयद्वारा संशोधन गर्न सकिनेछ।

**४१. बाधा अड्काउ फुकाउ:** यस कार्यविधि कार्यान्वयन गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम र मान्य हुनेछ।

## अनुसूची १

## विद्युत लाइन मर्मत / नयाँ लाइन विस्तार सम्बन्धी निवेदनको ढाँचा

श्रीमान् अध्यक्ष/वडा अध्यक्षज्यू,

गुराँस गाउँपालिका / वडा नं. ...... को कार्यालय,

..........................., दैलेख।

विषय: विद्युत लाइन मर्मत / नयाँ लाइन विस्तार गरिपाऊँ।

महोदय,

उपरोक्त विषयमा यस गुराँस गाउँपालिका वडा नं. ....... स्थित .............................................. (टोल/बस्ती) मा सामुदायिक विद्युतीकरण अन्तर्गत वितरण गरिएको विद्युत लाइनमा देहाय अनुसारको समस्या/आवश्यकता उत्पन्न भएको हुँदा यो निवेदन पेश गरेका छौं।

१. निवेदनको विवरण (उपयुक्त विकल्पमा टीक ✓ लगाउनुहोस्):

क) नयाँ लाइन विस्तार (पोल, तार तथा ट्रान्सफर्मर थप गर्नुपर्ने)

ख) बिग्रेको/ढलेको पोल तथा तार मर्मत सम्भार

ग) ट्रान्सफर्मर मर्मत वा फेरबदल

घ) अन्य (खुलाउने): .........................................................................

२. समस्या/मागको विस्तृत विवरण:

.........................................................................................................................................

.........................................................................................................................................

३. प्रभावित घरधुरी संख्या: .................

उक्त स्थानमा यथाशीघ्र प्राविधिक खटाई आवश्यक मर्मत तथा लाइन विस्तारको व्यवस्था मिलाई दिनुहुन विनम्र अनुरोध गर्दछौं।

निवेदक/उपभोक्ताको तर्फबाट:

- नाम/थर: ......................................................

- पद (उपभोक्ता शाखा भए): .....................................
- सम्पर्क नं.: ......................................................
- ठेगाना: गुराँस गाउँपालिका - ....., ............................
- दस्तखत: .......................................................
- मिति: २०८.../..../....

संलग्न कागजातहरू:

- उपभोक्ता शाखाको बैठकको निर्णय (भएमा)
- प्रभावित उपभोक्ताहरूको हस्ताक्षर नामावली
- वडा कार्यालयको सिफारिस पत्र
- स्थलगत नक्सांकन वा प्राविधिक प्रतिवेदन (उपलब्ध भएमा)

## अनुसूची २: विद्युत मिटर जडानका लागि दिइने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गुराँस गाउँ कार्यपालिकाको कार्यालय,

रानीमत्ता, दैलेख ।

**विषय: नयाँ विद्युत मिटर जडान गरिपाऊँ।**

म/हामी निवेदक गुराँस गाउँपालिका वडा नं. ....... मा स्थायी/अस्थायी रूपमा बसोबास गर्दै आएको र मेरो/हाम्रो तपसिल बमोजिमको घर/भवन/उद्योगमा विद्युत सेवा प्राप्त गर्न नयाँ मिटर जडान गर्नुपर्ने भएको छ।

अतः तोकिएको प्राविधिक जाँच गराई नियमानुसार लाग्ने शुल्क, धरौटी र जडान खर्च बुझाई नयाँ विद्युत मिटर जडान गरिदिनुहुन यो निवेदन पेश गरेको छु/छौं।

**१. ग्राहकको व्यक्तिगत विवरण**

क) ग्राहकको नाम, थर: ..........................................................................................

ख) बाबु/पतिको नाम: ...............................................................................................

ग) बाजे/ससुराको नाम: ...........................................................................................

घ) नागरिकता/राष्ट्रिय परिचयपत्र नं.: .................................... जारी मिति र जिल्ला: ...................

ङ) स्थायी ठेगाना: गुराँस गाउँपालिका वडा नं. ......., टोल: .............................................................

च) हालको ठेगाना: गुराँस गाउँपालिका वडा नं. ......., घर नं.: ......................................................

छ) सम्पर्क/मोबाइल नम्बर: ...................................................................................................

**२. मिटर जडान सम्बन्धी विवरण**

क) माग गरिएको मिटरको प्रकार: [ ] सिंगल फेज (Single Phase) [ ] थ्री फेज (Three Phase)

ख) माग गरिएको क्षमता (Capacity/MCP): [ ] ६ एम्पियर [ ] १६ एम्पियर [ ] ३२ एम्पियर [ ] अन्य (......... Amp/kW)

ग) विद्युत उपयोगको प्रयोजन: [ ] घरेलु [ ] व्यावसायिक [ ] औद्योगिक/कृषि [ ] सामुदायिक/संस्थागत

घ) नजिकैको विद्युत पोल नम्बर: ..........................................................................................

ङ) नजिकैको छिमेकी ग्राहकको नाम र मिटर नं.: .........................................................................

**३. संलग्न अनिवार्य कागजातहरू**

क) निवेदकको नागरिकता वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि

ख) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

ग) जग्गाधनी प्रमाणपुर्जा (पुर्जा/लापूर्जा) को प्रतिलिपि वा बसोबास प्रमाणित पत्र

घ) भाडामा वा बहालमा बसेको भए घरधनीको लिखित सहमति पत्र

ङ) उद्योग/व्यावसायिक ग्राहकको हकमा फर्म/उद्योग दर्ता र पान (PAN) प्रमाणपत्रको प्रतिलिपि

च) हालसालै खिचिएको राहदानी (Passport) साइजको फोटो २ प्रति

छ) गाउँपालिकालाई बुझाउनु पर्ने कर तिरेको रसिद

**४. प्रतिबद्धता तथा घोषणा**

म/हामी घोषणा गर्दछु/गर्दछौँ कि यस निवेदनमा लेखिएका सम्पूर्ण विवरणहरू सत्य र तथ्य छन्। नेपाल विद्युत प्राधिकरण तथा सामुदायिक विद्युत उपभोक्ता शाखाको नियमानुसार तोकिएका शर्त तथा विद्युतीय सुरक्षा मापदण्डहरूको पूर्ण पालना गर्नेछु/गर्नेछौँ। कुनै पनि प्रकारको विद्युत चोरी वा गैरकानुनी कार्य नगर्ने र महसुल नियमित रूपमा बुझाउने प्रतिबद्धता जनाउँदछु/जनाउँदछौँ।

**निवेदक:**

दस्तखत: ..........................................................

नाम/थर: ..........................................................

मिति: ..............................................................

**(कार्यालय प्रयोजनका लागि मात्र)**

**क) प्राविधिक जाँच तथा स्थलगत प्रतिवेदन (Technical Inspection Report):**

क) मुख्य प्रसारण/वितरण लाइनबाट घरसम्मको दुरी (मीटरमा): ................... मि.

ख) आवश्यक पर्ने सर्भिस केबलको परिमाण: ................... मि. | पोल थप्नुपर्ने: [ ] छ (....... वटा) [ ] छैन

ग) सम्बन्धित ट्रान्सफर्मरको क्षमता: .................... KVA | ट्रान्सफर्मरको लोड स्थिति: [ ] सामान्य [ ] ओभरलोड

घ) घरको आन्तरिक वाइरिङ (Wiring/Earthing) सुरक्षा मापदण्ड अनुसार भए/नभएको: [ ] भएको [ ] नभएको

ङ) प्राविधिक सिफारिस: .................... एम्पियरको मिटर जडान गर्न [ ] प्राविधिक रूपमा उपयुक्त छ / [ ] अनुपयुक्त छ।

प्राविधिकको दस्तखत: ......................................

नाम: ............................................................

पद: ............................................................

मिति: ..........................................................

ख) निर्णय तथा मिटर निकासा स्वीकृति**:** निवेदकको कागजात तथा प्राविधिक प्रतिवेदनका आधारमा तोकिएको धरौटी रु. .................... र मिटर/जडान शुल्क रु. .................... जम्मा रु. .................... (अक्षरेपी: ...................................................................) बुझिलिई मिटर नं. .................................... जडानका लागि स्वीकृति प्रदान गरिएको छ।

**स्वीकृत गर्ने अधिकारी :** ..................................... (दस्तखत र छाप)

**मिति:** ..........................................................

## अनुसूची ३: विद्युत भारवृद्धि (MCP / Capacity Increase) निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

गुराँस गाउँ कार्यपालिकाको कार्यालय,

रानीमत्ता, दैलेख।

**विषय: विद्युत भारवृद्धि (MCP / Load Capacity) गरिपाऊँ।**

म/हामी निवेदक गुराँस गाउँपालिका वडा नं. ....... निवासी/स्थित संस्थाले तपसिल बमोजिमको विद्युत ग्राहक खाताबाट विद्युत उपभोग गर्दै आइरहेकोमा हाल थप विद्युतीय उपकरण सञ्चालन गर्नुपरेकोले/व्यावसायिक प्रयोजनका लागि विद्युत भार (Capacity/MCP) वृद्धि गर्नुपर्ने भएको छ।

अतः तोकिएको प्राविधिक जाँच गराई नियमानुसार लाग्ने शुल्क भुक्तान गरी मेरो/हाम्रो विद्युत भारवृद्धि गरिदिनुहुन यो निवेदन पेश गरेको छु/छौं।

### १. ग्राहक तथा मिटरको विवरण

क) ग्राहकको नाम/संस्थाको नाम: ..........................................................................................

ख) बाबु/पति/अख्तियारप्राप्त व्यक्तिको नाम: ..........................................................................

ग) ग्राहक नम्बर (Customer ID): ............................ मिटर नम्बर: ............................................

घ) स्थायी ठेगाना: गुराँस गाउँपालिका वडा नं. ......., टोल: ..............................................................

ङ) सम्पर्क/मोबाइल नम्बर: .............................................................................................................

च) सम्बन्धित ट्रान्सफर्मरको नाम/कोड: .........................................................................................

### २. भारवृद्धि सम्बन्धी विवरण

क) हाल कायम रहेको भार (Existing MCP/Capacity): [ ] ६ एम्पियर [ ] १६ एम्पियर [ ] ३२ एम्पियर [ ] अन्य (......... Amp/kW)

ख) माग गरिएको नयाँ भार (Requested MCP/Capacity): [ ] १६ एम्पियर [ ] ३२ एम्पियर [ ] ६४ एम्पियर [ ] अन्य (......... Amp/kW)

ग) भारवृद्धिको प्रयोजन: [ ] घरेलु उपयोग [ ] उद्योग/मिल [ ] कृषि/सिँचाइ [ ] व्यावसायिक फर्म [ ] अन्य (............)

**३. प्रयोग गरिने/थप गरिने विद्युतीय उपकरणहरूको विवरण**

| क्र.सं. | उपकरणको नाम (Equipment) | सङ्ख्या (Qty) | प्रति उपकरण क्षमता (Watt/HP) | जम्मा क्षमता (KW) |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| **जम्मा** | | | | |

**४. संलग्न कागजातहरू**

क) हालको विद्युत महसुल बुझाएको अन्तिम रसिदको प्रतिलिपि

ख) नागरिकता / दर्ता प्रमाणपत्रको प्रतिलिपि

ग) उद्योग/व्यवसाय दर्ता प्रमाण-पत्र (व्यावसायिक/औद्योगिक ग्राहकको हकमा)

**निवेदक:**

दस्तखत: .........................................................

नाम/थर: .........................................................

मिती: .............................................................

**(कार्यालय प्रयोजनका लागि मात्र)**

१) **प्राविधिक प्रतिवेदन (Technical Inspection Report):**

क) सम्बद्ध ट्रान्सफर्मरको क्षमता: .................... KVA | हालको कुल भार: .................... KVA

ख) ट्रान्सफर्मर र सर्भिस लाइनले थप भार धान्न सक्ने/नसक्ने: [ ] सक्ने [ ] नसक्ने

ग) आवश्यक थप उपकरणहरू (मिसिन/MCB/Cable Change): ...................................................

घ) **सिफारिस:** निवेदकको माग अनुसार .................... Amp/KW भारवृद्धि गर्न [ ] प्राविधिक रूपमा उपयुक्त छ / [ ] अनुपयुक्त छ।

**प्राविधिकको दस्तखत:** .....................................

**नाम:** ............................................................

**पद:** ............................................................

**मिति:** ..........................................................

**२) निर्णय तथा स्वीकृति:**

निवेदकको निवेदन तथा प्राविधिक प्रतिवेदनका आधारमा तोकिएको थप धरौटी तथा शुल्क रु. ................... (अक्षरेपी: ..................................................................) लिई ................... एम्पियर/किलोवाट भार वृद्धि गर्न स्वीकृत प्रदान गरिएको छ।

**स्वीकृत गर्ने अधिकारी:** ..................................... (दस्तखत र छाप)

**मिति:** ..........................................................

## अनुसूची ४: सामुदायिक विद्युतीकरण ग्राहक अभिलेख ढाँचा

## गुराँस गाउँपालिका

## सामुदायिक विद्युतीकरण शाखा

### १. ग्राहकको व्यक्तिगत विवरण

| क्र.सं. | विवरण | विवरण खुलाउने / प्रविष्ट गर्ने स्थान |
|---|---|---|
| १ | ग्राहकको नाम, थर | |
| २ | बाबु / पति/ पत्नीको नाम,थर | |
| ३ | बाजे वा ससुराको नाम, थर | |
| ४ | नागरिकता / राष्ट्रिय परिचयपत्र नं. | |
| ५ | स्थायी ठेगाना | वडा नं. ......., टोल: ............................ |
| ६ | हाल बसोबास रहेको स्थान | वडा नं. ......., घर नं.: ....................... |
| ७ | मोबाइल / सम्पर्क नम्बर | |
| ८ | इमेल ठेगाना (भएसम्म) | |

### २. विद्युतीकरण तथा मिटर जडानसम्बन्धी विवरण

| क्र.सं. | विवरण | विवरण खुलाउने / प्रविष्ट गर्ने स्थान |
|---|---|---|
| १ | ग्राहक ग्राहक नं. (Customer ID) | |
| २ | मिटर नम्बर (Meter No.) | |
| ३ | मिटरको प्रकार | [ ] सिंगल फेज (Single Phase)<br>[ ] थ्री फेज (Three Phase) |
| ४ | स्वीकृत एम सि पि / लोड (Capacity/MCP) | [ ] ६ एम्पियर [ ] १६ एम्पियर [ ] ३२ एम्पियर<br>[ ] ६४ एम्पियर [ ] अन्य (........... kW) |
| ५ | ग्राहक वर्ग (Consumer Category) | [ ] घरेलु<br>[ ] व्यावसायिक<br>[ ] औद्योगिक / कृषि<br>[ ] सामुदायिक / संस्थागत |
| ६ | मिटर जडान भएको मिति | वि.सं. ....................................... |
| ७ | फिडर / ट्रान्सफर्मरको नाम र क्षमता | ट्रान्सफर्मर कोड/नाम: .......................... (..... KVA) |
| ८ | पोल नम्बर (नजिकैको विद्युत पोल नं.) | |

### ३. मिटर रिडिङ तथा महसुल असुली अभिलेख (मासिक खाता)

| महिना | रिडिङ मिति | वर्तमान रिडिङ (Unit) | अघिल्लो रिडिङ (Unit) | खपत युनिट | तोकिएको महसुल (रु.) | जरिवाना / छुट (रु.) | जम्मा असुल रकम (रु.) | रसिद नं. | असुली मिति | कैफियत / बुझाउनेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वैशाख | | | | | | | | | | |
| जेठ | | | | | | | | | | |
| असार | | | | | | | | | | |
| साउन | | | | | | | | | | |
| भदौ | | | | | | | | | | |
| असोज | | | | | | | | | | |
| कात्तिक | | | | | | | | | | |
| मंसिर | | | | | | | | | | |
| पुस | | | | | | | | | | |
| माघ | | | | | | | | | | |
| फागुन | | | | | | | | | | |
| चैत | | | | | | | | | | |

**४. प्राविधिक तथा सेवा परिवर्तन अभिलेख (मर्मत, लोड वृद्धि, नामसारी आदि)**

| मिति | सेवाको प्रकार (मर्मत / लोड वृद्धि / सिल परिवर्तन / नामसारी) | परिवर्तन पूर्वको विवरण | परिवर्तन पछिको विवरण | प्राविधिकको नाम र दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमाणीकरणः

- अभिलेख तयार गर्ने (कर्मचारी/मिटर रिडर): .................... (दस्तखत)
- प्रमाणित गर्ने अधिकारी: ............................(दस्तखत र छाप)

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत